नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

*Ref.*

## सूचना

कोरोना भाइरस (COVID-19) को महामारी विश्वव्यापी रूपमा फैलिरहेको सन्दर्भमा संयुक्त अरब इमिरेट्स (युएइ) मा रहेका कतिपय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको निर्धारित उडान रद्द भएको, भिसा अवधि सकिएको लगायतका गुनासाहरू यस राजदूतावासमा प्राप्त भइरहेका छन् । यस्ता समस्याहरूको समाधानका लागि राजदूतावासले युएइको सम्बन्धित निकायहरूसँग समन्वय गरिरहेको र युएइ सरकारले उपर्युक्त कारणले भिसा अवधि सकिएकाहरूको हकमा वैधानिक रूपमा युएइमा रहन दिने सूचना जारी गरेको बेहोरा अनुरोध छ ।

युएइ सरकारले आफ्ना नागरिक तथा युएइमा बसोबास गर्ने विदेशीहरूको हित र सुरक्षाका लागि उच्च सतर्कता र प्रभावकारी व्यवस्था अवलम्बन गरेको सबैलाई विदितै छ ।

यस सन्दर्भमा युएइमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई उच्च मनोबलका साथ रहनुहुन र देहायबमोजिम गर्ने गराउनुहुन राजदूतावास अनुरोध गर्दछ-

१. नेपाल सरकार र युएइ सरकारले बेलाबखतमा जारी गरेका सूचना तथा जानकारीहरू पालना गरी आफूलाई सुरक्षित राख्नुहुन र अरूलाई पनि सुरक्षित रहन सहयोग गर्नुहुन।
२. नेपाल सरकार र युएइ सरकार दुवैले हाललाई यात्रुवाहक हवाइ उडानहरू बन्द गरेकाले जो जहाँ हुनुहुन्छ त्यही संयमित र सुरक्षित रूपमा रहनुहुन ।
३. युएइ सरकारले सार्वजनिक पार्कहरू, सामुद्रिक तटहरू, सपिङ मलहरू बन्द गरेकोले त्यस्ता स्थानहरूमा अनावश्यक रूपमा नजानुहुन ।
४. युएइ सरकारले COVID-19 का बारेमा गलत सूचना प्रवाह गरेमा सजायको व्यवस्था गरेकाले सामाजिक संजाललगायतका संचार माध्यमहरूको प्रयोग गर्दा सावधानी अपनाउनुहुन ।
५. आफू वा आफ्ना साथीहरूलाई कोरोना संक्रमणको शंका लागेमा युएइ सरकारले तोकेका स्वास्थ्य जाँच केन्द्रहरूमा गई स्वास्थ्य जाँच गर्न गराउनुहुन ।
६. थप जिज्ञासा भएमा राजदूतावासका देहायबमोजिमका नम्बरहरूमा सम्पर्क गर्नुहुन- 0545053250 , 0545942411 ,0523921936, 0544356211, 0507330129
७. अत्यावश्यकीय कन्सुलर सेवा लिनका लागि राजदूतावासका देहायबमोजिमका नम्बरहरूमा सम्पर्क गरी समय तय (appointment basis) गरेर आउनुहुन- 0589095404 , 0503192015
८. अन्य जानकारीका लागि दूतावासको नियमित नम्बर 0507330129, 026344385 मा सम्पर्क गर्नुहुन ।

**नेपाली राजदूतावास**
**अबुधाबी**
**२०७६।१२।११**